Citizen Life Insurance
समृद्धि तपाईंको, साथ हाम्रो



सिटिजन शुभारम्भ योजना
Citizen Endowment Plus

सिटिजन शुभारम्भ बीमा योजनामा दीर्घकालीन बचतका साथ बीमा अवधि भर बीमितको जोखिम वहन गरिएको छ ।

यस बीमा योजनाका विशेषताहरू :

१. प्रवेश योग्य उमेर	:	५ देखि ६५ वर्ष
२. बीमा लेख परिपक्व बखत अधिक्तम उमेर	:	७० वर्ष
३. बीमाअवधि	:	५ देखि ३५ वर्ष
४. न्यूनतम बीमाङ्क रकम	:	रु. १०,०००
५. अधिकतम बीमाङ्क रकम	:	बीमितको आयको आधार सहित कम्पनीको जोखिमाङ्कन नीतिअनुसार
६. बीमाशुल्क भुक्तानी तरिका	:	एकल, वार्षिक, अर्ध-वार्षिक, त्रैमासिक

७. बीमाङ्क रकमको भुक्तानी हुने प्रावधानहरु :

क) बीमाअवधि समाप्ति सम्म बीमा शुल्क तिरे पश्चात् बिमितले बीमाङ्क रकम साथै नियमानुसार बोनस प्राप्त गर्ने छन् ।

ख) बीमालेख चालु रही बीमा समाप्ति अगावै बीमितको मृत्यु भएमा बीमालेखको शर्तहरुको अधिनमा रही बीमाङ्क रकम र नियमानुसारको बोनस रकम इच्छाइएको व्यक्तिलाई एकमुष्ट भुक्तानी गरिनेछ ।

८. बीमाशुल्क भुक्तानी तरिकाको आधारमा निम्न बमोजिम बीमाशुल्क छुट प्रदान गरिने छ ।

भुक्तानी तरिका	थप/छुट
एकल बीमाशुल्क भुक्तानी गर्दा	छैन
वार्षिक बीमाशुल्क भुक्तानी गर्दा	छैन
अर्ध-वार्षिक बीमाशुल्क भुक्तानी गर्दा	१% थप
त्रैमासिक बीमाशुल्क भुक्तानी गर्दा	२% थप

अन्य बीमा लाभहरू : (१) ऋण सुविधा लिन सकिने, (२) कर लाभ ।

ऐच्छिक सुविधाहरू

देहाय बमोजिमका ऐच्छिक सुविधाहरु सिटिजन शुभारम्भ बीमा योजनासँग समावेश गर्न सकिनेछ ।

१. दुर्घटना मृत्यु लाभ (Accidental Death Benefit):

बीमितले यो सुविधा लिन चाहेमा उपयुक्त बीमाशुल्क भुक्तानी गरी बीमालेखमा यो सुविधा समावेश गर्न सकिने छ । यो सुविधा लिएमा बीमा अवधि भित्र बीमालेख चालु रहेको अवस्थामा बीमितको दुर्घटनाको कारणबाट मृत्यु भएमा बीमाङ्क रकम बराबर वा रु. १,००,००,००० (रु. एक करोड मात्र) मध्ये जुन कम हुन्छ सो रकम दुर्घटना मृत्यु लाभ वापत भुक्तानी गरिनेछ । उक्त रकमको भुक्तानी बीमालेखमा उल्लेखित व्यवस्था बमोजिम गरिनेछ ।

२. स्थायी पूर्ण अशक्तता लाभ (Permanent Total Disability Benefit):

यो सुविधा अन्तर्गत बीमा अवधि भित्र बीमालेख चालु रहेको अवस्थामा बीमितको दुर्घटनाको कारणबाट स्थायी पूर्ण अशक्तता भएमा बीमाङ्क रकम बराबर वा रु. १,००,००,००० (रु. एक करोड मात्र) मध्ये जुन कम हुन्छ सो रकम स्थायी पूर्ण अशक्तता लाभ वापत भुक्तानी गरिनेछ । उक्त रकमको भुक्तानी बीमालेखमा उल्लेखित व्यवस्था बमोजिम गरिनेछ ।

३. बीमाशुल्क छुट लाभ (Premium Waiver Benefit):

यो सुविधा अन्तर्गत बीमा अवधि भित्र बीमालेख चालु रहेको अवस्थामा बीमितको दुर्घटनाको कारणबाट स्थायी पूर्ण अशक्तता भएमा तत्पश्चात बीमा अवधिको लागि तिर्नु पर्ने बीमाशुल्क भुक्तानीमा पूर्ण छुट हुनेछ ।

४. मासिक आय लाभ (Monthly Income Benefit):

यो सुविधा अन्तर्गत बीमा अवधि भित्र बीमालेख चालु रहेको अवस्थामा बीमितको दुर्घटनाको कारणबाट स्थायी पूर्ण अशक्तता भएमा बीमितलाई बीमाङ्क रकमको १ प्रतिशत बराबर रकम मासिक रुपमा तत्पश्चात बीमा अवधि समाप्तिसम्म भुक्तानी गरिनेछ ।

५. काजक्रिया खर्च सुविधा (Funeral Expense Rider):

यो सुविधा लिएमा बीमा अवधि भित्र बीमालेख चालु रहेको अवस्थामा बीमितको कुनै कारणबाट मृत्यु भएमा बीमितको परिवारलाई बीमाङ्क रकम को २५ प्रतिशत वा रु.५०,००० (रु. पचास हजार मात्र) मध्ये जुन कम हुन्छ सो रकम बराबर काजक्रिया खर्च वापत भुक्तानी गरिनेछ ।

६. सिटिजन घातक रोग सुरक्षा सुविधा (Critical Illness Rider):

यो सुविधा अन्तर्गत बीमा अवधि भित्र बीमालेख चालु रहेको अवस्थामा करारमा उल्लेखित घातक रोगहरुको जोखिम बहन हुनेछ । उक्त रोगहरु निदान भएको अवस्थामा घातक रोग लाभको करारमा उल्लेखित बीमाङ्क रकम भुक्तानी गरिनेछ ।

७. दुई गुणा बीमाङ्क लाभ (Double Sum Assured):

बीमा अवधिभित्र बीमालेख चालु रहेको अवस्थामा बीमितको मृत्यु भएमा बीमा अवधि समाप्त भए पश्चात् यो सुविधा अन्तर्गत थप बीमाङ्क रकम बीमालेखमा इच्छाएको व्यक्तिलाई भुक्तानी गरिनेछ ।

उद्घोषण :

यसमा उल्लेख गरिएका जानकारीहरु ग्राहकहरुलाई मार्गदर्शन गर्ने उद्देश्यको लागि मात्र हो । कम्पनीद्वारा जारी गरिने बीमालेख, ऐच्छिक सुविधा तथा सम्पुष्टिकरणमा उल्लेखित शर्त तथा सुविधा र यसमा दिइएको जानकारी बीच फरक परेमा बीमालेख बमोजिम हुनेछ । यसमा उल्लेखित शर्त तथा सुविधाहरु समय समयमा परिवर्तन हुन सक्ने भएकोले अद्यावधिक जानकारीको लागि कम्पनीमा सम्पर्क राख्नुहोला ।

सिटिजन लाइफ इन्स्योरेन्स कं. लि.

प्रधान कार्यालय:

अम्बे कम्प्लेक्स, ठेकु, काठमाडौं, नेपाल, फोन: ०१-५३१६५०००

ईमेल:info@citizenlifenepal.com | वेबसाइट: www.citizenlifenepal.com